सङ्घीय संसद्

प्रतिनिधि सभा, २०८२

दोस्रो अधिवेशन

बैठक सङ्ख्या- ५६

सूचनापत्र - २

(बैठकको कारबाहीको संक्षिप्त विवरण)

२०८३ साल असोज ०१ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख डोल प्रसाद अर्यालको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो।

बैठकको प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरूले कर्णाली प्रदेशका अस्पतालहरूमा मुटुरोग, युरोलोजिष्ट र न्युरोलोजिष्ट जस्ता विशेषज्ञ चिकित्सकहरू नहुँदा स्थानीयवासीले अकालमा ज्यान गुमाउनुपर्ने अवस्था रहेकाले सरकारले तत्काल विशेषज्ञ चिकित्सक र आवश्यक उपकरणको व्यवस्था गर्नुपर्ने, मेलम्ची खानेपानी आयोजना प्रभावित क्षेत्रमा सिर्जना भएको अवरोध र समस्या तत्काल समाधान गर्नुपर्ने, स्रोत साधनको अधिकतम प्रयोग गरी त्रिशूली बाढीमा हराएकाहरूको खोजी कार्य तीव्र पार्नुपर्ने, बाढीबाट प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउनुपर्ने, क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण गर्नुपर्ने, विद्यालय सुचारु गरी अभिभावकविहीन बालबालिकाको संरक्षणको जिम्मेवारी सरकारले लिइ वैकल्पिक शिक्षा प्रणाली लागू गर्नुपर्ने तथा घाइतेको निःशुल्क उपचार गर्नुपर्ने, त्रिभुवन विमानस्थलको कार्गोमा विभिन्न देश र दातृ निकायबाट प्राप्त राहत सामग्री अलपत्र अवस्थामा रहेको भन्दै सरकारको ध्यानाकर्षण, सरकारले तत्काल जनतालाई ग्याँस सहजरूपमा उपलब्ध गराउनुपर्ने लगायतका समसामयिक विषयमा आआफ्नो भनाइ राख्दै सरकारको ध्यानाकर्षण गराउनुभयोः-

१. मा० विष्णु बहादुर खड्का
२. मा० युवराज दुलाल
३. मा० बोध नारायण श्रेष्ठ
४. मा० गंगा देवी श्रेष्ठ
५. मा० यज्ञमणि न्यौपाने
६. मा० एशुदा कुमारी बराल
७. मा० टुका भद्रा हमाल

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आआफ्नो भनाइ राख्नुभयोः-

१. मा० ललिता कुमारी
२. मा० लक्ष्मी प्रसाद पोखरेल
३. मा० डा० लेखजंग थापा
४. मा० विक्रम खनाल
५. मा० विक्रम थापा
६. मा० विपिन कुमार आचार्य
७. मा० विष्णुमाया बि.क.
८. मा० शम्भु प्रसाद ढकाल
९. मा० शोभा खनाल
१०. मा० श्रीधर पोखेल
११. मा० श्रीराम न्यौपाने
१२. मा० समिना मिया
१३. मा० समिक्षा बास्कोटा
१४. मा० सरस्वती लामा
१५. मा० साजिदा खातुन सिद्धिकी
१६. मा० सिर्जना श्रेष्ठ
१७. मा० सुनिता कुमारी चौधरी
१८. मा० सुनिल के.सी.
१९. मा० सुरेश कुमार चौधरी
२०. मा० सुलभ खरेल
२१. मा० सुशील खड्का
२२. मा० सुशीला ढकाल आचार्य
२३. मा० सुष्मा स्वर्णकार
२४. मा० सोम शर्मा
२५. मा० स्मृति सेन्चुरी
२६. मा० हरि मोहन भण्डारी
२७. मा० हरि प्रसाद भुसाल
२८. मा० क्षितिज थेबे
२९. मा० ज्ञानु पौड्याल

तत्पश्चात् प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयमा आआफ्नो भनाइ राख्नुभयोः-

१. मा० लिमा अधिकारी आचार्य
२. मा० सीता थपलिया
३. मा० चन्द्रेश्वर मण्डल
४. मा० महेन्द्र बहादुर शाही

५. मा० आरेन राई
६. मा० ताहिर अलि भाट
७. मा० तारा विश्वकर्मा
८. मा० विष्णु बहादुर खड्का
९. मा० कुल भक्त शाक्य
१०. मा० भरत गिरी
११. मा० अरविन्द शाह
१२. मा० गिता गुरुङ
१३. मा० रिंगला यादव
१४. मा० कुष्ण हरि बुढाथोकी
१५. मा० अशोक कुमार चौधरी
१६. मा० विश्वराज पोखरेल
१७. मा० ठाकुर सिंह थारू
१८. मा० नितिमा भण्डारी कार्की
१९. मा० राम बिनोद यादव
२०. मा० अमृता वि.क
२१. मा० लालविक्रम थापा
२२. मा० झविलाल डुम्रे
२३. मा० रुकेश रन्जित

त्यसपछि राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापति हरि ढकालले "राष्ट्रिय सेवा दल विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०८३" पेस गर्नुभयो।

तदुपरान्त माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले "संयुक्त राष्ट्र सङ्घीय सामुद्रिक कानुनसम्बन्धी महासन्धि अन्तर्गतको राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रका सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगसम्बन्धी सम्झौतामाथि सामान्य छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो।

तत्पश्चात् उक्त सम्झौतामाथिको सामान्य छलफलमा निम्नलिखित माननीय सदस्यहरूले उठाउनुभएका प्रश्नहरूको जवाफ माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले दिनुभयोः-

१. मा० समिना मिया
२. मा० गणेश कार्की
३. मा० कमल सुवेदी
४. मा० गंगालक्ष्मी अवाल
५. मा० ललिता कुमारी
६. मा० माधव बहादुर थापा
७. मा० धनन्जय रेग्मी
८. मा० परशुराम तामाङ
९. मा० बलावती शर्मा
१०. मा० सरस्वती लामा
११. मा० गणेश धिमाल
१२. मा० ओजस्वी शेरचन
१३. मा० टुकाभद्रा हमाल
१४. मा० निता घतानी
१५. मा० गुरु प्रसाद बराल
१६. मा० राधिका रम्तेल
१७. मा० गणेश बहादुर विश्वकर्मा
१८. मा० जनकसिंह धामी
१९. मा० प्रेम बहादुर बयक
२०. मा० जगतप्रसाद जोशी
२१. मा० साजिदा खातुन सिद्धिकी

त्यसपछि सम्माननीय सभामुखले "संयुक्त राष्ट्र सङ्घीय सामुद्रिक कानुनसम्बन्धी महासन्धि अन्तर्गतको राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रका सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगसम्बन्धी सम्झौतामाथि सामान्य छलफल गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

तदुपरान्त सम्माननीय सभामुखले संयुक्त राष्ट्र सङ्घीय सामुद्रिक कानुनसम्बन्धी महासन्धि अन्तर्गतको राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरका क्षेत्रका सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो प्रयोगसम्बन्धी सम्झौतामा नेपाल सरकारको तर्फबाट कुनैपनि आरक्षणको व्यवस्था नरहेकोले प्रतिनिधि सभा नियमावली, २०८३ को नियम २२७ बमोजिम संशोधनको व्यवस्था नरहेको बेहोरा जानकारी गराउनुभयो।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८३ असोज ५ गते सोमबार दिनको १:०० बजे बस्ने गरी साँझ ५:१० बजे स्थगित भयो।

पद्म प्रसाद पाण्डेय
महासचिव